**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०६ अक्तूबर २०२३

समयः १८:५० - १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. केन्द्रीय गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा वामपन्थी उग्रवादमाथि एक समीक्षा बैठकको अध्यक्षता गर्नुभयो।

२. शिक्षक नियुक्ति भ्रष्टाचार सरह पश्चिम बंगाल नगरपालिका नियुक्ति मामिलामा पनि व्यापक स्तरमा भ्रस्टाचार भएको ईडी सुत्रले जनाएको छ।

३. जलपाईगुडी जिल्लामा टिस्टा नदीमा बाढीमा बगेर आएको एउटा मोर्टार गोला विस्फोट हुँदा दुई जनाको मृत्यु भएको छ अनि चार जना घाइते भएका छन्।

४. केन्द्रले बाढी प्रभावित सिक्किमका लागि सहायतास्वरूप ३४ करोड रुपियाँ स्वीकृत गरेको छ।

५. आज विश्व मस्तिष्क पक्षाघात दिवस हो ।

**<u>गृहमन्त्री - वामपन्थी</u>**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा वामपन्थी उग्रवादमाथि एक समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा केन्द्रीय मन्त्री नित्यानन्द राय, अश्विनी चौबे, अर्जुन मुन्डा, देवुसिंह चौहान अनि राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल लगायत अन्य सहभागी बनेका थिए। लगभग दिनभरि चलेको बैठकमा वामपन्थी उग्रवादबाट प्रभावित राज्यका मुख्यमन्त्रीहरु पनि उपस्थित थिए ।

****** ० ******

**<u>अमित शाह - एनआईए</u>**

गृहमन्त्री अमित शाहले राज्य एजेन्सीहरूलाई जाँच कार्यमा असल समन्वयको लागि राष्ट्रिय अन्वेषक अभिकरण अन्तर्गत मोडल आतंकवाद विरोधी संरचनाको स्थापनामाथि जोड दिनुभयो। गृहमन्त्री अमित शाहले भन्नुभयो - केन्द्रीय अनि राज्य एजेन्सीहरू विगत नौ वर्षमा देशमा सबै प्रकारका आतंकवादमाथि रोक लगाउन सक्षम भएका छन्। नयाँ दिल्लीमा राष्ट्रिय अन्वेषण अभिकरण - एनआईए -द्वारा आयोजित दुई दिने आतंकवाद विरोधी सम्मेलनको उदघाटन गर्दै उहाँले एजेन्सीको कार्यक्षेत्रभित्र रहेर मोडल आतङ्कवादविरोधी संरचना निर्माण गर्नुपर्ने बताउनुभयो। श्री शाहले भन्नुभयो - केन्द्रीय अनि राज्य एजेन्सीहरू बीच असल समन्वयको लागि राज्यहरूमा सबै आतंकवाद विरोधी एजेन्सीहरूको जाँचको पदानुक्रम, संरचना तथा मानक सञ्चालन प्रक्रियाहरू समान बनाइनु पर्नेछ।गृहमन्त्रीले भन्नुभयो दृ आतङ्कवाद विरुद्धको लडाइँमा वैश्विक स्तरदेखि जमीनी स्तरसम्म सहकार्य आवश्यक रहेको छ । उहाँले नरेन्द्र मोदी सरकारले क्रिप्टो, हवाला, आतंकी फण्डिङ, संगठित अपराध सिन्डिकेट अनि नार्को-टेरर लिङ्कजस्ता सबै चुनौतीहरूमा कडा अडान लिएको बताउनुभयो। उहाँले भन्नुभयो -असल परिणाम आइरहेको छ तर अझै धेरै गर्न बाँकी छ।

****** ० ******

**जेकेडीएफपी**

सरकारले गैरकानूनी गतिविधि रोकथाम अधिनियम अन्तर्गत जम्मु-कश्मीर डेमोक्रेटिक फ्रिडम पार्टी - जेकेडीएफपीलाई गैरकानूनी घोषित गरेको छ। यो संगठन सन् १९९८ देखि देश विरोधी गतिविधिमा संलग्न छ । गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिमा यसका सदस्यहरू सधैं भारतमा पृथकतावाद अनि आतंकवादी गतिविधिलाई प्रोत्साहन दिने कार्यमा संलग्न रहेको बताइएको छ। संगठनका सदस्यहरू मानिसहरूलाई उक्स्याएर कश्मीरलाई अलग इस्लामिक राज्य बनाउन चाहन्छन् जुन भारतको सार्वभौमसत्ता, सुरक्षा अनि अखण्डताको लागि खतरा हो। यस संगठन विरुद्ध गैरकानूनी गतिविधि रोकथाम अधिनियम, भारतीय दण्ड संहिता, शस्त्र अधिनियम अनि पूर्ववर्ती जम्मु-कश्मीरको मुख्य अपराधिक रणबीर दण्ड संहिताका विभिन्न धाराहरू अन्तर्गत धेरै आपराधिक मुद्दा दर्ता गरिएको छ।

****** ० ० ******

**सिक्किम आपदा**

सिक्किममा बाढीका कारण मृत्यु हुनेको संख्या १६ पुगेको छ । राज्यको आपदा प्रबन्धन विभागका अनुसार १५ जना घाइते अनि १०३ जना बेपत्ता भएका छन्। बेपत्ता हुनेमा सेनाका जवान पनि छन् ।राज्यका मुख्य सचिव भी. बि. पाठकले हिजो सचिवालयमा वाणिज्य परिसङ्घ, थोक व्यापारी, औषधि संघ, भारतीय तेल निगम, खाना पकाउने ग्यासका व्यापारी तथा वितरक, पेट्रोल पम्प मालिक अनि ट्याक्सी सङ्घका प्रतिनिधिहरूसँग विभिन्न चरणमा बैठक गर्नुभएको थियो राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास संस्थान लिमिटेडको विज्ञप्तिमा जनाइएअनुसार राष्ट्रिय राजमार्ग-१० को दुई स्थानमा ठूलो क्षति पुगेको छ। रम्फूदेखि रानीपुलसम्मको खण्ड दुई दिनभित्र मर्मत हुने आशा गरिएको छ ।राज्य सरकारले अत्यावश्यक वस्तुहरूको मूल्यवृद्धि हुन नदिन रम्फू, रेशी र मल्ली चेकपोस्टबाट अत्यावश्यक वस्तुहरू लागिरहेका निजी वाहनहरूमाथि निरीक्षण शुल्क नलगाउने निर्णय गरेको छ ।

****** ० ******

**केन्द्र - सिक्किम सहायता**

केन्द्रले बाढी प्रभावित सिक्किमका लागि सहायतास्वरूप ३४ करोड रुपियाँ स्वीकृत गरेको छ। यो वर्ष १९१२-१३ को राज्य आपदा कार्यवाही कोषबाट केन्द्रीय हिस्साको राशि हो। यसको उद्देश्य पीडितहरूलाई राहत उपलब्ध गराउन राज्यलाई मद्दत गर्नु रहेको छ। केन्द्रीय गृह मन्त्रालयले क्षतिको आकलन गर्न अन्तरमन्त्रालय केन्द्रीय दल गठन गरेको छ । गृह मन्त्रालयका अनुसार - टोलीले छिट्टै सिक्किमको बाढी प्रभावित क्षेत्रहरूको भ्रमण गर्नेछ र यसको आकलनको आधारमा राज्यलाई थप केन्द्रीय सहायता स्वीकृत गरिनेछ। केन्द्र सरकारले सिक्किमको स्थितिमाथि निरन्तर दृष्टि राखिरहेको छ।केन्द्रले स्थितिको प्रभावकारी रूपमा सामना गर्न सिक्किम सरकारलाई राष्ट्रिय आपदा मोचन बलको पर्याप्त टिम , भारतीय वायुसेनाको हेलिकप्टर तथा आवश्यक उद्धार उपकरणहरू पनि उपलब्ध गराएको छ। विद्युत, दूरसञ्चार तथा सडक, राजमार्ग तथा परिवहन मन्त्रालयका प्राविधिक टोलीले क्षतिग्रस्त पूर्वाधार अनि सञ्चार नेटवर्क पुनःनिर्माणमा सहयोग गरिरहेका छन्।दुई दिन अघि टिस्टा नदीमा आएको बाढीले धेरै पुलहरू, राष्ट्रिय राजमार्ग-१० का केही भागहरू अनि चुङ्थाङ बाँध क्षतिग्रस्त भएका छन् तथा र पूर्वाधार परियोजनाहरूलाई नोक्सान पुगेको छ।

****** ० ******

**सिक्किम – मुख्यमन्त्री**

सिक्किमका मुख्यमन्त्री पी.एस. तामाङले आज बिहान रम्फूस्थित बाढी प्रभावित क्षेत्र अनि राहत शिविरहरूको भ्रमण गर्नुभयो तथा सम्बन्धित अधिकारीहरू तथा जनसाधारणसित कुराकानी गर्नुभयो। सरकारले छिट्टै पुनर्वासको व्यवस्था गर्ने मुख्यमन्त्रीले आश्वासन दिनुभयो। उहाँले आपतकालीन राहत कार्य जारी रहेको बताउनुभयो ।

****** ० ******

**आरबीआई गभर्नर**

दुई हजार रुपियाँका नोट साट्ने वा जम्मा गर्ने समयसीमा सिद्धिँदै गएको समय रिजर्भ बैंकले लगभग साढे तीन प्रतिशत अर्थात१२ हजार करोड रुपियाँ मूल्यका नोट अझै प्रचलनमा रहेको बताएको छ ।आज मुम्बईमा संवाददाताहरूसँग कुरा गर्दै रिजर्व बैंकका गभर्नर शक्तिकान्त दासले लगभग ३.४३ लाख करोड रुपियाँ मूल्यका नोटहरू प्रचलनबाट हटाइएको बताउनुभएको छ। जसमध्ये ७६ प्रतिशत बैंकमा जम्मा भइसकेको छ अनि नोटहरू फिर्ता भइसकेका छन् ।दुई हजार रुपियाँको नोटहरू १९ मई २०२३ देखि प्रचलनबाट फिर्ता लिने निर्णय गरिएको थियो । यद्धपि २००० का नोट वैध मुद्रा भए पनि निर्धारित मितिपछि बैंकहरूले स्वीकार गर्ने छैनन् । यदि कसैले २००० को नोट साट्न चाहे देशभरिका रिजर्भ ब्यांकका कुनै पनि कार्यालयहरूबाट एकमुष्ट २० हजार रुपियाँ साट्न सक्नेछन्।

****** ० ******

**नगर पालिका नियुक्ति भ्रष्टाचार**

पश्चिम बंगाल नगरपालिका नियुक्ति मामिलामा ममता क्याबिनेटमा मन्त्री रथिन घोषसित हिजो ईडीका अधिकारीहरूले १६ घण्टासम्म सोधपुछ गरेका छन्। ईडी सुत्रअनुसार, शिक्षक नियुक्ति सरह नगरपालिकाहरूको नियुक्तिमा पनि व्यापक स्तरमा धनराशि असूलिएको छ। नगरपालिकाहरूमा नियुक्तिको निम्ति विभिन्न पदहरूका लागि रेट चार्ट पनि बनाइएको थाहा लागेको छ। ईडी सूत्रहरू अनुसार, विभिन्न नगरपालिकाहरूमा चारदेखि सात लाख रूपियाँको दरले नौकरी बिक्री भयो। यसमा नगरपालिका कर्मचारी, कार चालक, क्लीनर, नगरपालिका समूह डी जस्ता नौकरीहरूको मूल्य न्यूनतम चार लाख रूपियाँ थियो जबकि ग्रुप सी- का नौकरीहरूको दर न्यूनतम सात लाख रूपियाँ राखिएको थियो। जाँचपछि यस मामिलामा अझ् अधिक जानकारी आउने सम्भावना रहेको बताइएको छ।

****** ० ******

**बंगाल – मौसम**

पश्चिम बंगालको राजधानी कोलकाता समेत राज्यका अन्य हिस्साहरूमा लगातार परिरहेको पानीबाट मानिसहरूलाई आज हल्का राहत प्राप्त भएको छ। कोलकाता लगायत हावड़ा, हुगली, उत्तर र दक्षिण 24 परगना, पूर्व र पश्चिम मेदिनीपुर, पुरुलिया, बांकुड़ा समेत राज्यका अन्य हिस्साहरूमा पनि वर्षा रोकिएको छ।मौसम विभाग अनुसार, राजधानी कोलाकातामा बिहान 3 बजीसम्म 0.4 मिलीमीटर वर्षा रेकर्ड गरिएको छ। बिहानदेखि पानी पनि परेको छैन, जसले गर्दा मानिसहरूलाई वर्षादेखि केही राहत मिलेको छ तर

गर्मी बढ्न थालेको छ। उत्तर बंगालको अलीपुरद्वार, कूचबिहार, जलपाइगढ़ी, दार्जीलिङ र कालेबुङमा पानी परिरहेछ, जुन आइतवारसम्म जारी रहनेछ।

****** ० ******

**मोर्टार बिस्फोट**

उत्तर बंगालमा बाढीका कारण जनजीवन प्रभावित भएको छ । यसैबीच, जलपाईगुडी जिल्लामा टिस्टा नदीमा बाढीमा बगेर आएको  एउटा मोर्टार गोला विस्फोट हुँदा दुई जनाको मृत्यु भएको छ अनि चार जना घाइते भएका छन्। पुलिसले त्यो मोर्टार गोला सेनाको भएको अनि सिक्किमबाट बाढीमा बगेर आएको अनुमान लगाएको छ। एक वरिष्ठ पुलिस अधिकारीले, मोर्टार गोलालाई छुन खोज्दा विस्फोट भएको हुनसक्ने आशंका व्यक्त गरेका छन्।  घाइतेमध्ये दुईको अवस्था गम्भीर रहेको र मृतकको संख्या बढ्न सक्ने पुलिसले जनाएको छ । घटनाको विस्तृत जाँच शुरु भएको छ ।

****** ० ******

**विश्व मस्तिष्क पक्षाघात दिवस**

आज विश्व मस्तिष्क पक्षाघात दिवस हो । मस्तिष्क पक्षाघातबारे जनचेतना जगाउन ५ अक्टोबरको दिन विश्वभरि यो दिवस मनाइन्छ । यस वर्षको विषय रहेको छ – 'ज्वहमजीमत`जतवदहमत' । यस दिवसले मस्तिष्क पक्षघातबाट पिढित तथा अन्य मानिसहरूबीच एकता, सहयोग अनि आपसी समर्थनको महत्त्वलाई दर्शाउँदछ। मस्तिष्क पक्षाघात एक विकार हो जसले व्यक्तिको हिँड्डुल गर्ने अनि सन्तुलन कायम राख्ने क्षमतालाई प्रभावित गर्छ।आकाशवाणी समाचारसँगको कुराकानीमा अल अखिल भारतीय आयुर्विज्ञान संस्थान, नयाँ दिल्लीका बालरोग विभागकी प्रोफेसर शेफाली गुलाटीले मस्तिष्क पक्षाघातका लक्षण, उपचार अनि यससँग जुझिरहेका मानिसहरूलाई चुनौतीहरू सँग लड्ने विविध उपायहरूका बारेमा विस्तृत जानकारी दिनुभयो ।

****** ० ******

**अनित थापा**

प्राकृतिक आपदा सम्बन्धी सहायता प्रदान गर्ने क्रममा केन्द्र सरकारले पक्षपात गरेको गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले आरोप लगाउनु भएको छ। श्री थापाले भन्नुभयो – केन्द्र सरकारले आज मात्र सिक्किम राज्यलाई सहायता स्वरूप ४४.८० करोड रुपियाँको सुरुवाती अनुदान दिने घोषणा गर्‍यो। उहाँले अझ भन्नुभयो – यो समय संवेदनशीलता देखाउने समय हो, राजनीति गर्ने समय होइन, तथापि मलाई अचम्म लाग्दैछ। जसरी सिक्किम भारतको अभिन्न अंग हो, त्यसरी नै दार्जीलिङ, कालेबुङ पनि हो। सिक्किमलाई सहायता चाहिन्छ, हामीलाई पनि चाहिन्छ।आज राज्यका मुख्य सचिव एच के दुबेदीसँग चर्चा भएको जानकारी गराउँदै श्री थापाले बाढको प्रभाव अनि क्षति विषय चर्चा गरेको जानकारी दिनुभएको छ। त्यसै समय मुख्यमन्त्री सुश्री ममता ब्यानर्जीसँग पनि फोनमार्फत पहाडमा भएको क्षतिबारे चर्चा भएको पनि उहाँले बताउनुभयो। फोन वार्तामा मुख्यमन्त्रीले आफु पहाडको अवस्थालाई लिएर चिन्तित रहेको बताउँदै सहयोग गर्ने वचन दिएको श्री थापाले जनाउनुभयो। कालेबुङ जिल्लामा कम्तीमा २६६ भन्दा अधिक घरमा क्षति पुगेको छ।

****** ० ******

**विनय तामाङ**

यसैबीच जीटीएका बाढी प्रभावित क्षेत्रहरूका लागि पनि राहत कोषको घोषणा गरिनुपर्ने अनुरोध गर्दै आज ब्लुमफिल्ड–ऋषिहाटका सभासद् विनय तामाङले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्राचार गर्नुभएको छ।श्री तामाङको भनाइ छ दृ टिस्टाको विध्वंसले उत्पन्न विपदमा प्रधानमन्त्रीले जसरी सिक्किमका लागि कोषको घोषणा गर्नु भएको छ, त्यसरी नै जीटीएका क्षेत्रका लागि पनि घोषणा गरिदिउन्। किनभने जीटीए क्षेत्रमा पर्ने धेरै गाउँ पनि बाढीको चपेटमा परी पूर्ण ध्वस्त भएका छन्। यसका साथै अन्तर्मन्त्रालय समितिद्वारा जीटीएका बाढी प्रभावित क्षेत्रहरूको पनि भ्रमण गरिनुपर्ने माग विनयको छ।

****** ० ******

**दार्जिलिङ ट्रक मालिक एसोसिशन**

दार्जिलिङ ट्रक मालिक एसोसिशनले आपदा पिडीतहरूका निम्ति सिक्किम अनि बंगालका कुनै पनि स्थानमा राहत सामाग्रीहरू लान सहयोग गर्ने घोषणा गरेको छ। एसोसिएशनका तर्फबाट खरसाङमा पत्रकारहरूलाई जनाइएअनुसार – प्राकृतिक आपदाको यस स्थितिमा कुनै पनि सामाजिक संघ–संस्थाहरूले राहत सामाग्रीहरू लिएर जान परे केवल तेल मात्र हालेर ट्रकहरूमा राहत सामग्री लानका निम्ति एसोसिएशनसित सम्पर्क गर्न सक्नेछन्।

****** ० ******

**कर्मचारी महासंघ – दार्जिलिङ जिल्ला समिति**

तृणमूल कांग्रेस समर्थित पश्चिम बंग राज्य सरकारी कर्मचारी फेडरेसनको दार्जिलिङ जिल्ला समिति गठन गरिएको छ। जिल्ला तृणमूल कांग्रेस (समतल) अध्यक्ष पापिया घोषले आज जिल्ला कार्यालयमा एक पत्रकार सम्मेलन गरेर यसको घोषणा गर्नुभयो। समितिमा वन्दना बागची अध्यक्ष अनि सुरजित पाललाई सचिव चयन गरिएको छ ।

****** ० ******

****** ० ******